नेपाल सरकार

## वन तथा वातावरण मन्त्रालय

# वातावरण विभाग

# **अत्यन्त जरुरी सूचना**

प्रकाशित मितिः २०७९।८।२२ गते

हिउदको मौसममा काठमाण्डौ उपत्यका लगायत देशका धैरै ठाउँहरुमा वायु प्रदुषणको अवस्था विग्रदै गएको विषय सर्वविदितै छ। वायु प्रदुषणका मुख्य कारकहरुमध्ये सवारी साधनबाट निस्कने धुँवा र खुल्ला रुपमा फोहोर जलाउदा निस्कने धुँवा प्रमुख कारणहरु हुन। वातावरण विभागबाट पछिल्लो समयमा गरिएको छड्के जाँचमा काठमाण्डौ उपत्यकामा सञ्चालन भईरहेका सवारी साधनहरुको धुँवा निस्कासनको अवस्था अत्यन्त दयनीय पाईएकोले आगामी दिनमा विभागले सवारी साधनको धुँवा निस्कासनको अवस्थाको परिक्षणलाई सघनताका साथ प्रभावकारी रुपमा गर्न गईरहेको व्यहोरा सम्बन्धित सवैमा अनुरोध छ। हाल सवारी साधनमा धुँवा परिक्षण गर्दा तोकिएका मापदण्ड भन्दा बढी प्रदुषण गरिरहेका सवारी साधनलाई एक पटकको लागि मर्मत गरी अवस्था दुरुस्त राख्न अवसर दिईएकोमा २०७९ साल पौष १ गते पछी विभागको परिक्षणमा प्रदुषण जाँच पास हुन नसक्ने सवारी साधनहरुलाई वातावरण संरक्षण ऐन, २०७६ को दफा ४१ को उपदफा २ बमोजिम एक लाख रुपैयासम्म जरिवाना हुने र सवारीको मर्मत गरी तोकिएको मापदण्डको सिमा सम्म मात्र प्रदुषण गर्ने बनाई जाँच पास गराएर मात्र सार्वजनिक स्थानमा सञ्चालनमा ल्याउनहुन सवै यातायात व्यवसायी तथा सम्बन्धित सवैमा यो सूचना मार्फत अनुरोध गरिएको छ। जुनसुकै समयमा वातावरण विभागबाट छड्के जाँच हुन सक्ने र प्रदुषण जाँचपासको रुपमा यस अघि जारी भएको हरियो वा अन्य स्टिकरको अवधि बाँकी रहेको अवस्थामा पनि प्रदुषण जाँचपास अनुतिर्ण हुने सवारीलाई समेत उल्लिखित व्यवस्था बमोजिम जरिवाना लगायतका कारवाही हुने व्यहोरा अनुरोध छ। साथै, आफ्नो टोल छर छिमेकमा खुला रुपमा कोही कसैले फोहोर जलाउने कार्य गरिरहेको छ भने त्यसको जानकारी वातावरण विभागमा गराउनुहुन अनुरोध छ । यस्तो जानकारी दिनेको परिचय गोप्य राखि दोषीमाथि नियमानुसारको कारवाही हुने व्यहोरा समेत जानकारी गराईएको छ।